महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७९

जैमिनी नगरपालिका

बागलुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ। लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ८६ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
जैमिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बागलुङ ।

कैफियत सहितको राय

हामीले जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. नगरपालिकाको लेखापरीक्षणबाट रू २ करोड ३ लाख १९ हजार बेरुजू देखिएको छ। सो मध्ये प्रतिक्रियाबाट रु १ लाख ८८ हजार फर्छ्यौट भई असुल गर्नुपर्ने रू २३ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ लाख ६३ हजार, नियमित गर्नुपर्ने रू १ करोड ७४ लाख ३८ हजार र पेश्की रू २ लाख रहेको छ ।पालिकाको गतवर्ष रु ५ करोड ९५ लाख ८६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ९१ लाख ५९ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवार

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

जैमिनी नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३९	२४	२०३१९	०	३	१८८	३९	२१	२०१३१	२३३०	१७४३८	१६३	०	०	१७६०१	२००

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बागलुङ	५९५८६	०	५५८	५९०२८	०	२०१३१	७९१५९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जैमिनी नगरपालिका, बागलुङ , जैमुनी नगरपालिका , बागलुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ज्ञानराज कोइराला	२०७७-८-८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	ईश्वरी प्रसाद शर्मा	२०७७-४-१	
लेखा प्रमुख	सूर्य बहादुर बि.क.	२०७७-४-१	
		बेरुजु रकम	२०,३१८,७९७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,२२,०७,०६३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४९,४६,२५,०००	**चालु खर्च**	४९,४८,२४,४२५
प्रदेश सरकारबाट अनुदान	१,७२,८३,०००	**पूँजीगत खर्च**	२०,२१,४१,७६०
राजश्व बाँडफाँट	८,१७,१०,०४१	**वित्तीय/अन्य व्यवस्था**	५,३८,७३,५३४
आन्तरिक आय	१,०९,२१,८०५		
अन्य आय	२२,१२,४७,०७५		
कुल आय	८२,५७,८६,९२१	**कुल खर्च**	७५,०८,३९,७१९
बाँकी मौज्दात		९,९६,९०,३१२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन बैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य तथा ३१ हजार ४३० जनसंख्या रहेका छन्। यसको क्षेत्रफल ११८.७१ वर्ग किलोमिटर रहेको छ।	
३			**संचित कोषको प्राप्ती र भुक्तानी** आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।	

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७९,२०,७६,०३०	६४,३३,४१,१११.७१		६४,३३,४१,१११.७१	५२,६९,४९,५८१.१९		५२,६९,४९,५८१.१९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६४,६५,५४,८००	६०,६२,७२,८८१.७१	०	६०,६२,७२,८८१.७१	५२,६९,४९,५८१.१९	०	५२,६९,४९,५८१.१९
११००० कर	११	९,१८,०७,३७०	८,७२,४६,१०७.७१	०	८,७२,४६,१०७.७१	६,१५,२२,०२०.६४	०	६,१५,२२,०२०.६४
१३००० अनुदान		५४,४९,१७,४३०	५०,७६,७६,५६४	०	५०,७६,७६,५६४	४५,९४,३७,३०६.९६	०	४५,९४,३७,३०६.९६
संघीय सरकार	१२	५२,२०,३४,४३०	४८,५२,९२,५६४	०	४८,५२,९२,५६४	४३,०७,५३,५५७.९६	०	४३,०७,५३,५५७.९६
प्रदेश सरकार	१२	२,२२,८३,०००	२,१७,८४,०००	०	२,१७,८४,०००	२,६१,८४,५००	०	२,६१,८४,५००
अन्तरिक श्रोत	१२	६,००,०००	६,००,०००	०	६,००,०००	२४,९९,२४९	०	२४,९९,२४९
१४००० अन्य राजस्व		९८,३०,०००	१,१३,५०,२१०	०	१,१३,५०,२१०	५९,९०,२५३.५९	०	५९,९०,२५३.५९
ख. अन्य प्राप्ति		१४,५५,२१,२३०	३,७०,६८,२३०		३,७०,६८,२३०			
कोषहरु		२,९०,६८,२३०	३,७०,६८,२३०	०	३,७०,६८,२३०	०	०	०

संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		११,६४,५३,०००	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		८४,५७,७२,७३२.५४	६०,६१,९६,३२८.९२		६०,६१,९६,३२८.९२	५२,५४,४०,९९६.२०		५२,५४,४०,९९६.२०
ग. भुक्तानी (सञ्चित कोषबाट)		७०,०२,५१,५०२.५४	५८,३२,५५,४७९.९४		५८,३२,५५,४७९.९४	५२,५४,४०,९९६.२०		५२,५४,४०,९९६.२०
२१००० पारिश्रमिक / सुविधा	१८	३१,२७,०४,४३०	२९,३०,७०,६८७.१६	०	२९,३०,७०,६८७.१६	१९,६८,३८,४७७.८३	०	१९,६८,३८,४७७.८३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	६,२६,६७,०००	४,९८,४२,५८३.८९	०	४,९८,४२,५८३.८९	१४,०७,८४,१९७.८२	०	१४,०७,८४,१९७.८२
२३००० स्थिर सम्पत्तिको उपभोग खर्च	१८	४,६९,०००	३,६३,७६९	०	३,६३,७६९	०	०	०
२५००० सहायता (Subsidy)	१८	२,२५,०२,०००	२,०५,९६,९३४	०	२,०५,९६,९३४	१३,२८,०५५	०	१३,२८,०५५
२७००० सामाजिक सुरक्षा	१८	३५,३९,०००	२७,९४,२९८	०	२७,९४,२९८	२१,९२,३८७	०	२१,९२,३८७

				२८००० अन्य खर्च	१८	५४,१०,०००	१९,००,८३६	०	१९,००,८३६	१६,८०,७०३.५५	०	१६,८०,७०३.५५		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२९,२९,६०,०७२.५४	२१,४६,८६,३७१.८९	०	२१,४६,८६,३७१.८९	१८,२६,१७,१७५	०	१८,२६,१७,१७५		
				घ. अन्य भूक्तानी		१४,५५,२१,२३०	२,२९,४०,८४८.९८		२,२९,४०,८४८.९८	५२,५४,४०,९९६.२०		५२,५४,४०,९९६.२०		
				कोषहरु		२,९०,६८,२३०	२,३९,००,८४७.०३	०	२,३९,००,८४७.०३	०	०	०		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		११,६४,५३,०००	०	०	०	०	०	०		
				कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			(९,५९,९९८.०५)		(९,५९,९९८.०५)					
				ङ. यो वर्षको बचत (न्युन)		(५,३६,९६,७०२.५)	३,७१,४४,७८२.७९		३,७१,४४,७८२.७९	१५,०८,५८४.९९		१५,०८,५८४.९९		
				च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)						५,५४,६८,१०५.८२		५,५४,६८,१०५.८२		
				वर्षान्तको बाकी रकम (ङ + च)		(५,३६,९६,७०२.५४)	३,७१,४४,७८२.७९		३,७१,४४,७८२.७९	५,६९,७६,६९०.८१		५,६९,७६,६९०.८१		

बैंक तथा नगद बाकी	२४		२,८५,४७,६५४.७९		२,८५,४७,६५४.७९	५,७७,१३,६५४.३१		५,७७,१३,६५४.३१

४			**लेखापरीक्षणको क्रममा असूली** पारिश्रमिक कर वापतको रु.२३५०।०० असूली भई दाखिला भएको छ।	
५			**वित्तिय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : यस स्थानीय तहलेNPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरु विभिन्न ४ वटा कोषको निकासा तथा खर्च समेत रु.१७ करोड ७६ लाख ५८ हजार समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ। गत वर्षको जिम्मेवारीः पालिकाले संचित कोषको रु.५७४३०१५४.३१ यस आ.व मा जिम्मेवारी सार्नुपर्नेमा रु. ५२२०७०६२.८५ मात्र एकिकृत आ.वि. मा जिम्मेवारी सारेको छ आन्तरिक आय भनी म्यानुअल जिम्मवारी सारिएकोले सुत्रमा उक्त रकम समावेश भएको छैन।कम जिम्मेवारी सारिएको रु.५२२३०९१.४६ गत आ.व. को प्रतिवेदनमा उक्त रकम संघीय सशर्तको सुत्रमा बढी आम्दानी बाँधिएको र सो रकम रिभर्स गर्न नमिलेकोले यथार्थमा बढी नभएको टिप्पणी समेत गरिएकोले सो वरावरले कम देखिन गएको देखिन्छ। प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक यथार्थ बैंक मौज्दात रु.९९६९०३११.५२ रहेकोमा सुत्रको वित्तिय प्रतिवेदनममा बैंक मौज्दात रु.२८५४७६५४.७९ देखाएकोले सुत्रको म.ले.प.फा.न २७२ मा रु.७११४२६५६.७३ कम देखिन्छ।संचित कोषको स्रेस्तामा भन्दा बैक रु.१४४३०७.६२ र विपत व्यवस्थापन कोषमा रु.२१४२१९.१८ समेत गरी रु.३५८५२६.८० ले बढी देखिएकोले पालिकाले बैक हिसाव मिलान गरी सोको प्रमाण पेश गर्नुपर्दछ।संचित कोष तथा अन्य विभिन्न कोषको बैंक मौज्दातको स्थिति यस प्रकार रहेको छ।	

सि न	खाता तथा कोष	सेस्ता अनुसार बाँकी रकम	यथार्थ बैंक मौज्दात	फरक रकम	जिम्मेवारी सार्नुपर्ने रकम
१	संचित कोष	६६५३०५३२.९५	६६६७४८४०.५७	१४४३०७.६२	६६६७४८४०.५७
२	विपद व्यवस्थापन कोष	१८६३३१६.१७	२०८०५३५.३५	२१४२१९.१८	२०८०५३५.३५
३	कर्मचारी कल्याण कोष	२५५२००००	२५५२००००	०	२५५२००००
४	मर्मत संभार कोष	२१०८०४.६०	२१०८०४.६०	०	२१०८०४.६०
५	धरौटी खाता	५२०४१३१	५२०४१३१	०	५२०४१३१
	जम्मा			३५८५२६.८०	९९६९०३११.५२

स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणक ो तथ्याङ्कमा एकरुपता देखिदैन।
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

६

अनुदान फिर्ता ४३,९९९

पालिकाबाट प्राप्त सुत्रको अनुसुची २१ मा विभिन्न निकायमा फिर्ता गर्नुपर्ने अनुदान रु ३६८७१५७५।०० भएकोमा मिति २०७८।३।३१ मा जम्मा रु.३६८२७५७५।०० मात्र फिर्ता गरेकोले बाँकी रु ४३९९९।०० सम्वन्धित निकायमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु...

७

आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

- पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरे कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।
- राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

- ·पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा ई-टीडिएस गरेको छैन।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४को नि७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

			• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा नियमावलीको नियम ९ वमोजिम प्रत्येक सआर्थिक वर्षको कार्तिक मसान्त भित्र अनुसुची २ को ढाँचा वमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको। • विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले लेखापरीक्षणको उक्त विवरण उपलब्ध नगराएकोले एकिन गर्न सकिएन। .	
८			**बजेट पेश , पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७७।०३।१० गते रु.७० करोड २५ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२६ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७७।०४।०१ मा प्रमुख प्रशासकिय अधिकृतलाइ बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आषाढ समान्तमा नै अख्तियारी दिई कार्यक्रम कार्यावन्यनमा सहजता ल्याउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो।	
९			**पूँजीगत चौमासिक खर्च**	

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये आषाढ महिनामा मात्र कुल खर्चको करिव ७५.७१ प्रतिशत खर्च भएको देखिन्छ।वर्षान्तमाहतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। **(रु हजारमा)**

पूँजीगत वजेट	कुल खर्च	चौमासिक खर्च			असार महिनाको खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
कुल पुँजीगत खर्च	२१४६८५	१४४६३	३७६६६	१६२५५६	विवरण प्राप्त नभएको
प्रतिशत	१००	६.७४	१७.५५	७५.७१	

१० **योजनाको छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला तथा माग र आवश्यकताका आधारमा योजना छनौट गरि कार्यान्यिवन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११ **क्षेत्रगत वजेट**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको २०७७। ७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु हजारमा)

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिकविकास	६२०६२	५१०५२	१०
२	सामाजिकविकास	३७५६९१	३४२६४१	६७.१६
३	पूर्वाधारविकास	१४३०२८	११०५८७	२१.६८
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	३१००	१६७०	०.३३
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	५६००	४२१२	०.८३
जम्मा		५८९४८१	५१०१६२	१००

पालिकाले वातावरण तथा विपद् व्यवस्थापन तथा संस्थागत विकास र सेवा प्रवाहमा बजेट विनियोजन एवं खर्च गरेको पाइएन भने सुशासन तथा कार्यालय संचालनमा न्यून खर्च भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख गरिएको छ।बजेट विनियोजन गर्दा सबै क्षेत्रलाई समेटिने गरी गर्नुपर्दछ।

१२

योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:

सि न	विवरण	योजना संख्या	रकम (रु.हजारमा)
१	१ लाख भन्दा कमको योजना	६९	३३४०
२	१ लाख देखि पाँच लाख सम्मका योजना	२८७	३९९४०
३	५ लाख देखि १० लाख सम्मका योजना	१३	१०१६०
४	१० लाख एक देखि ५० लाख सम्मा योजना	३२	६४७७०
५	५० लाख भन्दा माथिका योजनाहरु	५	४५९००
	जम्मा	४०६	१६४११०

१३			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि ५५७ ले निवेदन दिएकोमा५५७, घरवाटो सिफारिश ७ , नागरिकता सिफारिश ०, नाता प्रमाणित २३८ चारकिल्ला प्रमाणित ०, बसाई सराई २५३ तथा अन्य १९२ संख्यामा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता, नागरिकता सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
१४			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ यो बर्ष १५ मुद्दा दर्ता भएकोमा १२ फछ्यौट भई ९ बाँकी रहेको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।	
१५			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष खाना तथा विविधमा रु.४८ लाख ९९ हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।	
१६			**आन्तरिक लेखापरीक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ।तर कार्यालयले आय र व्ययको पुर्ण आन्तरीक लेखापरीक्षण नगरी एकल खाता कोष प्रणाली (TSA) वाट निकासा रकमको मात्र लेखापरीक्षण गरेको पाइयो।पुर्ण रुपमा आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ। अतः आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।	
१७			**यातायात सुविधा** गण्डकी प्रदेश सरकारले जारी गरेकोगाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधमा सम्वन्धी ऐन, २०७६ को दफा ४ पदाधिकारीले सवारी साधन लिएकोमा ऐनको अनुसूचीमा उल्लिखित इन्धन तथा मोबिल खर्च पाउने एंव सवारी साधनको सुविधा लिने पदाधिकारीले सोही अनुसूचिमा उल्लेख भएको यातायात खर्च वापतको मासिक सुविधा लिन नमिल्ने उल्लेख भएकोमा नगरपालिकाका १० वडाका वडाध्यक्षहरुले पालिकाबाट मोटरसाइकल सुविधा लिएकोमा समेत मासिक इन्धन खर्चमा रु. १५००।०० का दरले रकम भुक्तानी भएको छ।सवारी साधन बुझ्नेले इन्धन वापत मासिक १५ लिटर इन्धन सुविधा पाउने व्यवस्था भएकोमा रु.१५००।०० का दरले लिएको पाइयो।पालिकाबाट इन्धन सुविधा लिए नलिएको सम्वन्धमा एकिन हुन सकिएन।सो सम्वन्धमा पालिकाले एकिन गरी सोको विवरण पेश गर्नुपर्ने पालिकाबाट इन्धन सुविधा समेत लिएकोमा सम्वन्धितबाट जम्मा रु.१८००००।०० असूल गर्नुपर्ने रु..	१८०,०००
१८			**आर्थिक सहायता**	

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तिय समानीकरण चालुबाट उक्त शिर्षकमा बार्षिक रु.२७ लाख ९४ हजार भुक्तानी भएको पालिकाबाट पाप्त विवरणमा उल्लेख छ।लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा १४ जनालाई रु ३२८०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाले चालु आ.व.मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।

गो भौ न र मिति	आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा सस्था	सहायता रकम
४९।२०७७।७।१४	रविन्द्र उपाध्याय	१००००
१८३।२०७७।११।९	दल बहादुर श्रीस राना	१००००
१८३।२०७७।११।९	बल बहादुर सार्की	१००००
१८३।२०७७।११।९	सावित्री सार्की	१००००
१८३।२०७७।११।९	तुलसीकुमारी दर्जी	८५००
१८३।२०७७।११।९	भिम बहादुर थापा	१००००
१८३।२०७७।११।९	सुनिल थापा	५५००
१८३।२०७७।११।९	सन्तोष थापा	८०००
१८३।२०७७।११।९	डिलकुमारी थापा	१७०००
१८३।२०७७।११।९	ठाकुर शर्मा	१००००
१८३।२०७७।११।९	लाल बहादुर पुन	११००००
१८३।२०७७।११।९	सुप्रिया वि क	२२०००
१८३।२०७७।११।९	रन बहादुर क्षेत्री	२२०००
१८३।२०७७।११।९	चन्द्रिका सार्की	७५०००
	जम्मा	३२८०००

१९

४ वर्ष सम्म जिन्सी दाखिला नभएको

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल,अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार

गर्नुपर्नेमा व्यवस्था भएकोमा साविक जिल्ला विकास कार्यालयबाट खरिद भई साविक गा वि स ले प्रयोग गरिरहेका निम्न नम्वरका मोटरसाइकल हालसम्म पनि पालिकामा दाखिला भएको पाइएन।उल्लिखित सवारी साधन पालिकामा यथाशिघ्र रुपमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्दछ।

सि न	सवारी साधनको विवरण	सवारी नम्वर	प्रयोग गर्ने वडा	प्रयोग गर्ने व्यक्तिको पद नाम थर
१	मोटरसाइकल	घ १ ब १९२	३	वडाध्यक्ष वेद प्रकाश छन्त्याल
२	मोटरसाइकल	घ १ ब २००	६	वडाध्यक्ष कृष्ण बहादुर थापा
३	मोटरसाइकल	घ १ ब १६५	७	वडाध्यक्ष जित बहादुर थापा
४	मोटरसाइकल	घ १ ब ९५	९	वडाध्यक्ष भागिन्द्र कुमार थापा
५	मोटरसाइकल	घ १ ब १९१	१०	वडाध्यक्ष नर बहादुर थापा

२०

खरिद योजना तथा गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक विभिन्न मालसमान खरिद एवं निर्माण कार्य गरेकोमा खरिद योजना तथा गुरुयोजना गरेको छैन । पालिकाले ऐन नियमावलीमा भएको प्रावधानको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।

२१

मौजुदा सुचि

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताका आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले उपरोक्त अनुसारको मौजुदा सुची तयार गरेको देखिएन। पालिकाले खरिद ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।

२२

पेश्की बाँकी २००,०००

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई कार्यालयमा कार्यरत सहायक पाँचौ गोपाल सापकोटाको नाममा बाँकी रहेको रु.२०००००।०० नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु...

२३

दिवा खाजा कार्यक्रमः ३१,६३५

			शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१.(७.२) मा लक्षित समूहका लागि दिवाखाजा कार्यक्रमको लागी विद्यालयलाइ अनुदान दिने व्यवस्था रहेको छ। जसअन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत प्रारम्भिक वालविकास कक्षा देखि ५ कक्षासम्म प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा वापतको रकम अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ।पालिकाले IEMIS मा उल्लेखित विद्यार्थी संख्याका आधारमा मात्र सो अनुदान रकम उपलब्ध गराउनुपर्नेमा पालिकाले देहाय अनुसारका विद्यालयलाई IEMIS मा प्रविष्टि गरीएको विद्यार्थी संख्या भन्दा वढी निकासा दिएको पाईयो।उक्त वढी निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु.	

विद्यालयको नाम	IEMIS अनुसार निकासा दिनुपर्ने संख्या	निकासा दिएको विद्यार्थी संख्या	निकासा दिएको रकम	निकासा दिनुपर्ने रकम	वढी रकम
जनशिक्षित मा.वि.	१३६	१५१	२६१८५५	२३६६४०	२५२१५
सर्वोदय जनक मा.वि.	९८	१०२	१६३७१०	१५७२९०	६४२०
जम्मा					३१६३५

२४			**लागत अनुमान तयार नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा कुनै पनि सार्वजनिक निकायले सामान खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) मा लागत अनुमान तयार गर्दा लिनुपर्ने आधार उल्लेख गरेको छ । कार्यालयले अनुदान दिइ लाभग्राही समिति मार्फत५० प्रतिशत अनुदानमा मिनिटिलर, हात्ते कर्न सेलर, मेटल विन र कम्वाईन मिल खरिद गर्दा गर्दा अधिकांश लाभग्राही समितिले लागत अनुमान तयार गरेको पाइएन। यसमा सुधार गर्नुपर्दछ ।	
२५			**कृषिमा अनुदान:** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। यस संवन्धमा देखिएका केही व्यहोरा देहायअनुसार छन्। ·अनुदान दिएका कृषकको अनुगमन गरी उत्पादन र उत्पादकत्व सम्वन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन। ·विभिन्न कार्यविधिहरुमा एक पटक कुनै तहवाट अनुदान लिएकाको हकमा २/३ वर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन। ·केही मापदण्ड तथा पुराना कार्यविधिमा अनुदान ग्राहीले कम्तीमा १० वर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव वमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाडने प्रवृत्ति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप सन्चालन गर्नुपर्ने देखिन्छ। अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन ।	
२६			**आन्तरिक आय**	

			स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष राजश्व वाडफाँड समेत आन्तरिक आय रु.९ करोड ८५ लाख ९६ हजार आम्दानी रहेको छ भने पालिकाको आफ्नो वास्तविक आन्तरिक आम्दानी रु.१ करोड ९ लाख २१ हजार रहेको छ।पालिकाले आवश्यक म+=ले=प=फा=न= हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
२७			**फोहोरमैला ब्यवस्थापन शुल्क** नगरपालिका क्षेत्रभित्रबाट संकलित फोहोरमैला व्यवस्थापन वापत सेवाग्राहीबाट पालिकालाई निश्चित दरमा शुल्क निर्धारण गरि पालिकाले राजश्व संकलन गर्नुपर्नेमा पालिकाले यस आ.व मा उक्त शिर्षकबाट शून्य आम्दानी गरेको देखियो।नगरपालिका क्षेत्रभित्र संचलित व्यवसाय र घरहरुबाट संकलित फोहोरको व्यवस्थापन गरि राजश्व संकलन गर्न सकिनेमा सोतर्फ पालिकाले कुनै पहल गरेको पाइएन।पालिकाले सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याएको देखिएन।पालिकाले सवै सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याउने कार्यमा ध्यान दिनुपर्दछ।	
२८			**सदरस्याहा** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा सार्वजनिक निकायले न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रमात्र स्विकृति लागि छनौट गर्नुपर्ने, यसरी छनौट भएको बोलपत्रदाता तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा निजको वोलपत्रको जमानत जफत गरी सो भन्दा लगत्तै पछिको अर्को सारभुतरुपमा प्रभावग्राही बोलपत्रमदाताको बोलपत्र स्विकृत गर्नुपर्ने र उक्त बोलपत्रदाता पनि नआएमा त्यसपछिको सारभुतरुपमा प्रभावग्राही बोलपत्रकदाताको बोलपत्र क्रमश स्विकृत गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाको आन्तरिक आयको माझवगर क्षेत्र जैमिनीघाट ५ को ठेक्का प्रक्रियामा ठेक्का कवोल गरी संझौता गर्न नआएको कोडा कन्ट्रक्सन जैमिनी ५ ले पालिकाको धरौटी खातामा राखेको विड बण्ड वापतको रु ४५०००।०० जफत गरी उक्त रकम सदरस्याहा गरी सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.	४५,०००
२९			**संझौता बमोजिमको रकम प्राप्त नभएको** संझौताको पालना गर्नु करारीय पक्षको दायित्व हो।पालिकाले विभिन्न ५ घाटको ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नको लागि विभिन्न निर्माण व्यवसायीहरु ब्यक्तिसंग आय ठेक्का संझौता गरेको पाइयो।दोस्रो पक्षसंग भएको संझौताको वुदाँ नं ३ मा निर्माण व्यवसायीहरुले कवोल अंकमा मू.अ.कर रकम समेत थप गरि सम्पूर्ण रकम चैत्र मसान्तमा बुझाई सक्नु पर्ने तथा बुदाँ नं ९ मा संझौता बमोजिमको रकम तोकिएकोसमयमा नगरपालिकालाई नबुझाएमा जुनुसकै बखत ठेक्का तोडन सक्ने साथै बाँकी बुझाउन पर्ने किस्ताको १० % का दरले व्याज समेत असूल गर्ने व्यवस्था संझौता भएकोमा निम्न व्यक्ति तथा निर्माण व्यवसायीहरुले लेखापरीक्षण अवधिसम्म पनि संझौता बमोजिम संकलन नभएको रु १२२०१४०।०० को १०% ले लेखापरीक्षण अवधिसम्म १० महिनाको व्याज रु.१०१६७८।०० समेत गरी रु १३२१८१८।०० सम्वन्धितबाट दामासाहीले यथाशिघ्र असूल गर्ने एंव ढिला दाखिला भएमा सोही बमोजिमको अवधिसम्मको व्याज हिसाव गरी उक्त रकम असूल गरि सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.	१,३२१,८१८

ठेक्का नं	घाटको नाम	निर्माण व्यवसायी/ व्यक्तिको नाम	संझौता रकम मू अ कर समेत	संकलित रकम मू अ कर समेत	प्राप्त हुन बाँकी रकम	कैफियत
४	सुम्साघाट बगरघाट वडा नं ६	भैरव निर्माण सेवा	७३४५००	५६४४३४	१७००६६	
६	अर्जेबा जैदी बगरघाट वडा न ६ र ७	भैरव निर्माण सेवा	९६०५००	०	९६०५००	
३	बाँझखेत कुवाबगर घाट	हेमराज पौडेल	८१४७३०	७३३२५६	२९३७४	रु ५२ हजार छुट पाउने ।
१	थाङने बगरघाट	दल बहादुर श्रीस	९०४०००	८८९०००	०	रु ३० हजार छुट पाउने ।
५	बेलवगर घाट	दल बहादुर श्रीस	२२६०००	१५०८००	६०२००	
	जम्मा		३६३९७३०	२३३७४९०	१२२०१४०	एकमुष्ठ रकम बुझाएकोले छुट दिएको।

३०

समयमा राजश्व रकम दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था भएकोमा पालिका अन्तर्गतका निम्न वडाहरुले विभिन्न शिर्षकमा संकलन गरेको राजश्व रकम समयमा दाखिला गरेको पाइएन।संकलित राजश्व समयमा दाखिला नभएकोले समयमा दाखिला नगर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई समयमा दाखिला नभएको रमकको प्रचलित कानून बमोजिम उल्लिखित दरको व्याज समेत एकिन गरि समयमा नै दाखिला गर्ने गराउने तर्फ पालिकाले विशेष ध्यान दिनु पर्ने देखियो।१० वडाबाट संकलित राजश्वको स्थिति यस प्रकार रहेको छ।

https://nams.oag.gov.np

वडा नं	संकलित राजश्व	दाखिला भएको रकम
१	५२५७५३	५२५७५३
२	३१३४६२	३१३४६२
३	३३८७३८	३३८७३८
४	१९०९०९	१९०९०९
५	२०८७२७	२०८७२७
६	२३९४९४	२३९४९४
७	२५८९८५	२५८९८५
८	३८७१८९	३८७१८९
९	१७९२४५	१७९२४५
१०	३१३३३८	३१३३३८
जम्मा	२९५५८४०	२९५५८४०

माथि उल्लिखित तालिकामा १० वटा वडाको संकलित राजश्व र दाखिला भएको रकम पालिकाले प्रमाणित गरी दिएको विवरण अनुसार लिएको छ।जसमा संकलित राजश्व कुन कुन मितिमा भएको विवरणमा नभएकोले एकिन हुन सकेन।नमुना परीक्षणको आधारमा लेखापरीक्षण गर्दा समयमा दाखिला भएको नदेखिएकोले पालिकाले संकलित राजश्व समयमा दाखिला गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।

३१ | | | **घटी परिमाण उत्खनन** | १५,६५६,०४४

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ।गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उख्खनन कार्यको लागि ठेक्का वन्दोवस्त गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण बमोजिम मू=.अ कर बाहेक प्रति क्यूफिट दर रु=७ कायम गरी न्यूनतम मूल्यांकन कायम गरी ठेक्का प्रकृया अगाडी बढाई राजश्व संकलन गर्ने तथा सोको अनुगमन जस्ता सम्पूर्ण अधिकार सम्वन्धित स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदीजन्य पदार्थ मूल्यांकन गरी राजश्व संकलन गरेको पाइएन।आर्थिक ऐन तथा वजेट अनुमानमा राखिएका विभिन्न शिर्षकहरु जस्तै सवारी साधन कर नक्सापास दस्तुर विज्ञापन कर तथा मनोरञ्जन कर लगाएतका शिर्षकबाट पालिकाले शून्य आम्दानी गरेको छ।पालिकाले ढुंगा ,गिट्टी वालुवाको यस आ.व मा मु.अ.कर बाहेक रु.३२२१०००।०० मा ठेक्का लगाएको देखिन्छ।मिति २०७६ साल बैशाकमा परामर्शदाता एन.आर.कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि ले दिएको प्रारम्भिक वातावरणीय

परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख गरिएको परिमाणको करिव ११ % मात्रै ठेक्का लगाएको पाइयो।पालिका अन्तर्गतका ५(पाँच) घाटको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख भएको वार्षिक २५९६७२० क्यूफिट परिमाणमा नदीजन्य पदार्थ उत्खनन गर्न सकिने रहेकोमा पालिकाको राजश्व परामर्श समितिले उक्त पाँच घाटमा रहेको नदीजन्य पदार्थको परिमाण र प्रदेश सरकारको प्रति क्यूफिटको दरलाई वेवास्ता गरी हचुवाको भरमा न्यून रकमको मूल्यांकन गरी सूचना प्रकाशन गरी ठेक्का लगाएको पाइयो।जसको कारण पालिकाले मू.अ.कर बाहेक रु.१५६५६०४४।०० कम राजश्व पाप्त गरेको छ। प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र प्रदेश सरकारको प्रति क्यूफिटको दर समेतलाई आधार नलिई राजश्व संकलन गर्न न्यून मूल्यांकन तथा सिफारिस गर्ने सम्वन्धितलाई जिम्मेवार वनाइनु पर्दछ।पालिकाले आन्तरिक आयका आधारमा थप सेवा सुविधा निर्धारण गर्न पाउने तथा कार्यक्रम समेत बनाउन जस्ता अधिकार भएकोमा आय बढाउने तर्फ पालिकाले ध्यान दिनु पर्नेमा निम्न घाटमा भएको परिमाण र दरलाई समेत वेवास्ता गरी सूचना प्रकाशन गरी राजश्व संकलन गर्दा पालिकाको आम्दानी रु.१५६५६०४४।०० वरावरले ले कम देखिएको रु...

ठेक्का नं	घाटको नाम	IEE प्रतिवेदनमा बार्षिक उत्खनन गर्न सकिने परिमाण (क्यूफिट)	प्रति क्यूफिटको दर	मूल्यांकन गर्नुपर्ने रकम (मू अ कर वाहेक)	सूचनामा प्रकाशन भएको रकम (मू अ कर वाहेक)	संझौता भएको रकम (मू अ कर वाहेक)	घटी संकलन भएको रकम
४	सुम्साघाट बगरघाट वडा नं ६	९५२८३०	७	६६६९८१०	४०००००	६५००००	६०१९८१०
६	अर्जेबा जैदी बगरघाट वडा न ६ र ७	२१७६१०	७	२२२३२७०	८०००००	८५००००	१३७३२७०
३	बाँझखेत कुवाबगर घाट	४०२३०६	७	२८१६१४२	२०००००	७२१०००	२०९५१४२
१	थाङ्ने बगरघाट	८००३७७	७	५६०२६४०	५०००००	८०००००	४८०२६४०
५	बेलवगर घाट	२२३५९७	७	१५६५१८२	२०००००	२०००००	१३६५१८२
		२५९६७२०		१८८७७०४४	२१०००००	३२२१०००	१५६५६०४४

३२

व्यवसाय दर्ता तथा नवीकरण

पालिकाले हरेक आर्थिक वर्षमा पालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम पालिकाभित्र सञ्चालनमा रहेक विभिन्न व्यवसायकोदर्ता, नविकरण तथा खारेजीका सम्वन्धमा करका दरहरु निर्धारण गर्दै आएकोमा पालिकामा आ.व २०७७।७८ मा दर्ता भएका सोमध्ये आ.व. २०७७।७८ मा खारेजी भई बाँकी रहेका बाँकी नविकरण भई सञ्चालनमा रहेका व्यवसायको विवरण माग गरिएकोमा सोको विवरण प्राप्त नएकोले सो सम्वन्धमा एकिन हुन सकिएन। पालिकाबाट प्राप्त विवरणका आधारमा यस आ व मा व्यवसायको कर (दर्ता) बाट जम्मा रु.४८०१०६।०० राजश्व संकलन भएको देखिन्छ।पालिकाले व्यवसाय कर तिर्नुपर्ने करदाता कर तिर्न आएपछि मात्र कर लिने र वाँकी वक्यौता कर संकलन गर्न ठोस पहल गरेको देखिदैन

एंव क्षेत्रभित्र संचालित सवै व्यवसायीहरुलाई करको दायरामा समेत ल्याएको पाइएन।जसका कारण पालिकामा सम्वन्धित आर्थिक वर्षमा संकलन हुनुपर्ने राजस्व संकलन हुन सकेको छैन। पालिकाले सम्पूर्ण व्यवसायीहरुलाई समयमा दर्ता तथा नविकरण गर्नको लागि आवश्यक पहल गरी समयमा नै राजश्व संकलन गरी व्यवसायीहरुलाई करको दायरामा ल्याउन आवश्यक पहल गर्नुपर्दछ।

३३

यातायात खर्चः

गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बनधी ऐन, २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको यातायात खर्च सम्बन्धी व्यवस्था गरिएको छ।सरुवा रोग र नसर्ने रोगको अभिमुखिकरण कार्यक्रममा सहभागी भएवापत वडाका पदाधिकारीहरुले देहाय वमोजिमका स्वास्थ्य चौकी वाट पटक पटक गरी रु.६००० यातायात खर्च बुझेको पाईयो।सुविधा अन्तर्गत नै यातायात सुविधा पर्ने भएको हुंदा उक्त रकम दोहोरो पर्ने देखिन्छ।अतः उक्त दोहोरो परेको रकम असूल गर्नुपर्ने रु.

गो.भौ.न.।मिति	स्वास्थ्य चौकीको नाम	रकम रु.
५८।२०७७।११।२	विनामारे स्वास्थ्य चौकी	१६००
	राङखानी स्वास्थ्य चौकी	२०००
	पैञ्यूथंथाप स्वास्थ्य चौकी	८००
	कुश्मिशेरा स्वास्थ्य चौकी	१६००
जम्मा		६०००

६,०००

३४

आयुर्वेदिक औषधि खरिदः

आयुर्वेदिक औषधि खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने उल्लेख छ।साथै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासिंग सीमा भन्दा बढी रकमको सोझैखरिद गर्न नहुने उल्लेख भएकोमा पालिकाले एउटै फर्म सुशान्त आयूर्वेदिक औषाधालयवाट विभिन्न मितिमा औषधि खरिद गरेको पाईयो।कार्यालयले खरिद नियमावलीमा भएको व्यवस्था विपरीत खरिद गरेकोले उक्त रकम नियमसंगत नदेखिएको रु.८०००००।००

गो.भौ.न.।मिति	फर्मको नाम	विवरण	रकम रु.
३८।२०७७।९।१९	सुशान्त आयुर्वेदिक औषधालय	आयुर्वेदिक औषधि	३२००००
६०।२०७७।११।०३	सुशान्त आयुर्वेदिक औषधालय	आयुर्वेदिक औषधि	४८००००
जम्मा			८०००००

८००,०००

३५ **अनुगमन मूल्यांकन भत्ताः** ५,५००

गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बनधी ऐन, २०७६ को अनुसूची १ मा गाउँपालिकाका पदाधिकारी तथा सदस्यको सुविधा अन्तर्गत अनुगमन खर्चको छुट्टै व्यवस्था गरिएको छ।नमूना छनौट गरी परीक्षण गर्दा स्वास्थ्य शाखावाट संचालन भएका विभिन्न कार्यक्रमहरुमा पदाधिकारीहरुले अनुगमन मुल्याकंन भत्ता बुझेको पाईयो।पदाधिकारी तथा सदस्यको सुविधा अन्तर्गत नै अनुगमन खर्च समावेश हुने भएको हुंदा पदाधिकारी तथा सदस्यले कार्यक्रम विशेष अनुगमन मूल्याकंन भत्ता लिंदा सो शिर्षकमा भत्ता दोहोरो पर्ने देखिन्छ।अतः उक्त दोहोरो परेको रकम सम्बन्धित व्यक्तिवाट असूल गरी दाखिला गर्नुपर्ने रु.

गो.भौ.न.।मिति	कार्यक्रमको नाम	पदाधिकारी तथा सदस्यको नाम	रकम रु.
१७०।२०७८।३।२	हातिपाईले रोग विरुद्धको औषधी सेवन कार्यक्रम	प्रमुख श्री ईन्द्रराज पौडेल	३०००
		उपप्रमुख श्री लिला राना	२५००
जम्मा			५५००

३६ **वढी दर राखि भुक्तानीः** १४,८८०

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्थाछ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले कृषि तर्फका भकारो सुधार कार्यक्रमका लागी स्वीकृत जिल्ला दर रेट भन्दा वढी दर राखि कृषकहरुले पेश गरेको विल वमोजिम रकम भुक्तानी दिएको पाईयो।उक्त स्वीकृत जिल्ला दररेट भन्दा वढी दर राखि भुक्तानी दिएको रकम सम्बन्धित समितिहरुवाट असूल गर्नुपर्ने रु.

गो भौ नं र मिति	जिल्ला दररेट	खरिद दररेट	फरक दर	परिमाण	रकम रु.
१४७।२०७८।३।२४	८८०	९५०	७०	४०	२८००
१४६।२०७८।३।२४	८८०	१०००	१२०	७४	८८८०
१४५।२०७८।३।२४	८८०	९६०	८०	४०	३२००
जम्मा					१४८८०

३७ **पारिश्रमिक करः** २१३,३५०

आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

नाम	वार्षिक आय	कुल कट्टी	करयोग्य आय	तिर्नुपर्ने कर	तिरेको कर	बाँकी कर
डा.सुष्मा आचार्य	७०९४०४	१७१०२४	५३८३८०	१३३३८	४५००	८८३८
डा. राजु भट्टराई क्षेत्री	६५७१००	०	२०७१००	३५९२०	४५००	३१४२०
गोविन्द प्रसाद शर्मा	७७१९५८	१७८७७६	५९३१८२	२३१३६	४५००	१८६३६
शान्ति कुमारी शर्मा	७१९४१८	१६३८९६	५५५५२२	१५६०४	४५००	१११०४
मनिकला पुन	६८५३३८	१५८१३६	५२७२०२	१२२२०	४५००	७७२०
डिल्लीप्रसाद शर्मा	६३४२१८	१०७४९६	५२६७२२	१२१७२	४५००	७६७२
भिम बहादुर पुन	७३६४५८	१६६७७६	५६९६८२	१८४३६	४५००	१३९३६
टुकनाथ शर्मा	७१९४१८	१६३८९६	५५५५२२	१५६०४	४५००	१११०४
तिर्थ पौडेल	६३४२१८	१०७४९६	५२६७२२	१२१७२	४५००	७६७२
टंक बहादुर के.सि.	७३६४५८	१६६७७६	५६९६८२	१८४६४	४५००	१३९६४
झलकराज आचार्य	७५३४९८	१६९७५६	५८३८४२	२१२६८	४५००	१६७६८
लक्ष्मी बहादुर के.सी.	७३६४५८	१६६७७६	५६९६८२	१८४३६	४५००	१३९३६
सिता देवी शर्मा गौतम	७२३८४८	१२३३५६	६००४९२	२४५९८	४५००	२००९८
केयरसिंह थापा	६३४२१८	१०७४९६	५२६७२२	१२१७२	४५००	७६७२
कृष्ण कुमारी श्रीष	६२६३२२	१०७६८४	५१८६३८	११३६३	४५००	६८६४
ईन्द्रा थापा	६३९६७०	१०९९४०	५२९७३०	१२४७३	४५००	७९७३
लौमा कुमारी शर्मा	६३९६७०	१०९९४०	५२९७३०	१२४७३	४५००	७९७३
जम्मा						२१३३५०

३८

खर्चको मापदण्ड भन्दा वढी भुक्तानीः

प्रदेश सरकारले तयार गरेको खर्चको मापदण्ड सम्वन्धि कार्यविधि २०७५ मा तालिम केन्द्रहरु बाहेक अन्य निकायवाट संचालित सहायक स्तरको तालिम संचालन गर्दा सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाइने तर कार्यपत्र प्रस्तुत गरेवापत रु ८०० का दरले खर्च लेख्न पाउने व्यवस्था छ।नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा पालिकावाट संचालित कृषि शाखाका देहाय अनुसारका कार्यक्रममा आन्तरिक श्रोत व्यक्ति प्रशिक्षक भएतापनी पनी प्रशिक्षणवापतको पारीश्रमिक राखी खर्च लेखेको पाइयो।।यसरी खर्चको मापदण्डमा भएको व्यवस्था भन्दा वढी खर्च लेखेको रकम सम्बन्धित व्यक्तिहरुवाट असुल गर्नुपर्ने रु.

गो.भौ.न.।मिति	कार्यक्रम	पाउनुपर्ने रु.	पाएको रु.	फरक रु.
१४७।२०७८।३।२४	अलैचि पकेट क्षेत्र कार्यक्रम	८००*८=६४००	८६७०	२२७०
१४५।२०७८।३।२४	रामशाही अलैची पकेट समूह	८००*८=६४००	८६७०	२२७०
१२३।२०७८।३।२१	नेपाने शहरी आलुपकेट समूह	८००*८=६४००	८३७०	१९७०
१२२।२०७८।३।२१	लगनशिल आलु पकेट समूह	८००*८=६४००	८६७०	२२७०
जम्मा				८७८०

८,७८०

३९

जग्गाधनी पुर्जाः

कृषि सुचना तथा प्रशिक्षण केन्द्र हरिहरभवन, ललितपुर द्वारा प्रकाशित कृषि तथा पशुपन्छी डायरी,२०७८ मा अलैचि खेति कार्यक्रमको लागि १ हेक्टर जग्गामा १११ अलैचीको विरुवा आवश्यक पर्ने उल्लेख छ।पालिकाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना पकेट कार्यक्रमअन्तर्गत शितल अलैचि पकेट क्षेत्र समुहले लाम्सु मौरी तथा अलैची तरकारी फार्म वाट खरिद गरेको ५३२०० विरुवा रु.५ का दरलेकुल रु.२६६००० मध्ये ५०% अनुदान दिई रु.१३३०००। खर्च लेखेको पाईयो।नर्मस अनुसार ५३२०० विरुवा लगाउन ४७९ हेक्टर जग्गा आवश्यक पर्ने देखिन्छ।पालिकाले जग्गाको क्षेत्रफल यकिन नगरेको हुंदा उक्त पकेट समुहले जग्गा लिजमा लिएको भए १० वर्ष सम्म लिजमा लिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त पकेट क्षेत्रको नाममा वा समतिको सदस्यको नाममा स्रेस्ता पूर्जा कायम रहेको जग्गा धनी पूर्जा पेश गर्नुपर्दछ अन्यथा पालिकाले क्षेत्रफल भन्दा वढी खरिद गरेको विरुवा रु.५ का दरले उक्त पकेट क्षेत्र समुहवाट असुल गर्नुपर्दछ।

४० | १२० | २०७८-३-२०

केरा पकेट कार्यक्रमः

			कृषि सूचना तथा प्रशिक्षण केन्द्र हरिहरभवन, ललितपुर द्वारा प्रकाशित कृषि तथा पशुपन्छि डायरी,२०७८ मा केरा खेति गर्नको लागि प्रति रोपनी १२५ विरुवा आवश्यक पर्ने उल्लेख छ। पालिकाले जैमिनि पकेट केरा समूहले पेश गरेको विल भरपाई अनुसार ४००० केराको विरुवाको रु.२५ का दरले कुल रु.१०००० मध्ये ५०% नगद अनुदान रु.५०००० दिई खर्च लेखेको पाईयो।नर्मस अनुसार खरिद गरेको विरुवा रोप्न ३२ रोपनी जग्गा आवश्यक पर्ने देखिन्छ।पालिकाले जग्गाको क्षेत्रफल यकिन नगरेको हुंदा उक्त पकेट समुहले जग्गा लिजमा लिएको भए १० वर्ष सम्म लिजमा लिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त पकेट क्षेत्रको नाममा वा समितिको सदस्यको नाममा स्रेस्ता पूर्जा कायम रहेको जग्गा धनी पूर्जा पेश गर्नुपर्दछ अन्यथा पालिकाले क्षेत्रफल भन्दा वढी खरिद गरेक विरुवा रु.२५ का दरले उक्त समूहवाट असुल गर्नुपर्दछ।	
४१			**टुक्रा खरिद** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सार्वजनिक निकायले सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको एंव सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासिंग सिमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था गरेकोमा पालिकाले कार्यालय संचालनको लागि आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्रीहरुको खरिद गर्दा निम्नानुसार एउटै आपूर्तिकर्तासिंग एक भन्दा बढी पटक खरिद गरेको पाइयो।पालिकाको नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा निम्नानुसार मिति र गोश्वारा भौचरबाट नियमावलीमा भएको व्यवस्थाको विपरीत खरिद रु १४५५१६५।०० वरावरको खरिद कार्य भएको देखिन्छ।पालिकाले यसरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

गो भौ न	मिति	विवरण	भुक्तानी पाउनेको नामा	रकम
२९	२०७७।६।२८	मसलन्द तथा कार्यालय सामाग्री	धौलागिरी अपसेट प्रेस	२८०४५१
३०	२०७७।६।२८	मसलन्द तथा कार्यालय सामाग्री	पौडेल स्टेशनरी सेन्टर	९९५५३
१३८	२०७७।१०।११	मसलन्द तथा कार्यालय सामाग्री	प्रोफेसलन कम्प्यूटर सेन्टर	९३३३८
१४०	२०७७।१०।११	मसलन्द तथा कार्यालय सामाग्री	धौलागिरी अपसेट प्रेस	१४१२१६
२४२	२०७७।१२।२६	मसलन्द तथा कार्यालय सामाग्री	पौडेल स्टेशनरी सेन्टर	७८०३७
३२९	२०७८।३।८	मसलन्द तथा कार्यालय सामाग्री	अपिस सामान सप्लाई स्टोर	१५४५२७
३३०	२०७८।३।८	मसलन्द तथा कार्यालय सामाग्री	अपिस सामान सप्लाई स्टोर	१५४५२७
३३१	२०७८।३।८	मसलन्द तथा कार्यालय सामाग्री	धौलागिरी अपसेट प्रेस	८९९९८
३३४	२०७८।३।८	मसलन्द तथा कार्यालय सामाग्री	प्रोफेसलन कम्प्यूटर सेन्टर	९८९८८
४१६	२०७८।३।२५	मसलन्द तथा कार्यालय सामाग्री	अपिस सामान सप्लाई स्टोर	२६४५२१
			जम्मा	१४५५१५६

४२

कार्यविधिको पालना नभएको

नगर प्रमुख पशु परियोजना संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७७ मा परियोजनामा अनुदान प्राप्त गर्नको लागि गाईभैसीको हकमा कम्तिमा ५० रोपनी जग्गामा घाँस खेती सहित एक गोठ एंव उक्त गोठमा उन्नत नश्लजातको कम्तिमा २५ वटा गाई वा भैंसीको सख्या हुनुपर्ने व्यवस्था भएकोमा रु.१८ लाख अनुदानमा संचालित कृष्णगण्डकी कृषि तथा पशुपंक्षी पालन फार्ममा वलेवा भैरव पशुपालन फार्मबाट जम्मा १८ वटा मात्र गाई र भैंसी खरिद गरेको बील पेश भएको देखियो।अनुदान वितरण गर्दा कार्यविधिको पालना भएको छैन। आगामी दिनमा पालिकाले कार्यविधिको परिपालना गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४३

संझौता भन्दा बढी भुक्तानी — २१४,०००

नगर प्रमुख पशु परियोजना संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७७ बमोजिम संचालित परियोजनासंग भएको संझौताको बुदाँ नं ५ मा संझौताको दोस्रो पक्ष परियोजनाबाट खर्च भएको रकमको वील भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि रु१८ लाखमा नियम अनुसारको १.५ प्रतिशत कर र नियमानुसारको कन्टिन्जेन्सी रकम कट्टा गरी भुक्तानी

गरिने व्यवस्था भएकोमा पालिकाले निम्न परियोजनाहरुलाई १.५% कर बाहेक सम्पूर्ण रकम भुक्तानी भएकोले नियमानुसारको अनुदान रकमको ५ % ले हुने कन्टिन्जेन्सी वापतको रु.२१४०००।०० सम्वन्धित परियोजनाबाट असूल गरी दाखिला गर्नुपर्ने रु...

सि.न.	परियोजनाको नाम	अनुदान रकम	५% ले हुने रकम
१	कृष्णगण्डकी कृषि तथा पशुपंक्षी पालन फार्म	१८००००००	९००००
२	पञ्चदेव नमुना पशु तथा कृषि फार्म	१८००००००	९००००
३	कालीगण्डकी कृषि पल्टन कृषक समूह	३००००००	१५०००
४	आदान प्रदान कृषि पल्टन कृषक समूह	३००००००	१५०००
	जम्मा	४२००००००	२१४०००

४४

लागत अनुमान वेगरको खर्च

सार्वजनिक खरिद ऐन¸२०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको एंव नियमावली¸२०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मतसंभारको लागत अनुमान तयार गर्दा सो निकायमा सोसंग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट त्यस्तो कर्माचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था भएकोमा पालिकाले निम्न नम्वरका सवारी साधनहरुको मर्मत संभार गर्दा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत गरेको पाइयो।निम्न मिति र गोश्वारा भौचरबाट बार्षिक रु.१८१९९४९।०० को मर्मत संभार भई भुक्तानी भएकोमा लागत अनुमान स्वीकृत भएको छैन। पालिकाले लागत अनुमान स्वीकृत नगराई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

https://nams.oag.gov.np

गो भौ न	मिति	गाडी नं	बापत	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
२८	२०७७।६।२८	ग १ ध ४३१	सवारी मर्मत संभार	जगदम्वा मोर्टस पार्टस	२६२९३५
३१	२०७७।६।२८	ग १ ध ४३१	सवारी मर्मत संभार	शितल टेडर्स	२९६००
९०	२०७७।८।७	ग १ झ ३२२	सवारी मर्मत संभार	सनराइज अटो वल्ड	४५४५९६
१२०	२०७७।९।२१	ग १ झ ३२२	सवारी मर्मत संभार	सनराइज अटो वल्ड	४५४५९६
१७३	२०७७।११।६	ग १ ध ४३१	सवारी मर्मत संभार	भिरास अटोमोवाइल	१४४१९८
२८३	२०७८।१।१४	ग १ झ ३२२	सवारी मर्मत संभार	सनराइज अटो वल्ड	४७४०२४
				जम्मा	१८१९९४९

४५

विधान विपरीतको सदस्यता

नगर प्रमुख पशु परियोजना संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७७ बमोजिम संचालितकृष्णगण्डकी कृषि तथा पशुपंक्षी पालन फार्म तथा पञ्चदेव नमुना पशु तथा कृषि फार्मको विधान, २०७७ को बुदाँ नं ७ मा संस्थाको सदस्य हुनको लागि अनिवार्य रुपमा कृषि व्यवसाय गरेको हुनुपर्ने व्यवस्था रहेकोमा उक्त दुई फार्मको सदस्यमा नगर प्रमुख आफैं एंव पालिका पशु शाखा प्रमुख लगाएत पालिकामा कार्यरत कर्मचारी समेत सदस्य रहेको पाइयो।उक्त दुई संस्थामा परियोजना कार्यविधि बमोजिम प्रत्येकलाई रु.१८ लाख वजेट विनियोजन गरी अनुदान दिएको छ।अनुदान दिनको लागि प्रस्ताव पेश गर्ने तथा अनुदानग्राही समेत एउटै व्यक्ति भएकोले अनुदानको प्रभावकारीता एंव विधानमा भएको व्यवस्थाको समेत पालना भएको देखिएन।यस्तो कार्यमा पालिकाले ध्यान दिनुपर्ने देखियो।

४६

विमा नगरेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरुप बिमा गराउनु पर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरेकानिम्न कार्यको BOQ मा बिमाको प्रावधान राखेको पाइएन । नगरपालिकाले नियमावलीको पालना गर्नु पर्दछ ।

सि नं	**गो भ◌ौ नं र मिति**	**कामको विवरण**	**सम्झौता रकम**
१	१-२०७८।२।२६	प्रशासकिय भवन संरचना विकास	१५४८५८८.५१
२	४१०-२०७८।३।२५	भवन तथा जग्गा व्यवस्थापन	१७०७७०१.७५

४७			**पुँजीगतबाट चालु प्रकृतिका खर्च** एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस पालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षणमा नमुना छनौट गरी परीक्षण गर्दा रु.२८२३२४७/- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश खर्च स्वास्थ्य, कृषी तथा पशुसेवासंग सम्बन्धित कार्यक्रम लगायत विभिन्न समुदाय लक्षित वितरणमुखी कार्यक्रम समावेश भएको पाइयो। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् ।	

गो.भौ.न.मिति	चालु प्रकृतिका र वितरणमुखी खर्च विवरण	रकम
१५९-२०७७।१२।४	कृषि भेटनरी कार्यक्र टनेल वितरण	१०००००
१५२-२०७७।१२।४	तरकारीको बिउ वितरण	७००००
२५८-२०७७।१।१७	राष्ट्रपति रनिङ् शिल्ड	६९७००
२५२-२०७८।१।१६	स्वास्थ्य कार्यक्रम सचेतनामुलक कार्यक्रम	२२००००
२५१-२०७८।१।१६	स्वास्थ्य कार्यक्रम	२५००००
२७८-२०७८।३।२	टोल विकास संस्था व्यवस्थापन	९००००
२६४-२०७८।१।२१	अन्तर्राष्ट्रिय महिला दिवास	९४८२५
२८४-२०७८।३।४	महिला स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन खर्च	१२७९९०
२९३-२०७८।३।९	महिला स्वास्थ्य कार्यक्रम	१०३९३२
३२७-२०७८।३।१६	स्वास्थ्य चौकी व्यवस्थापन	१६११००
४२५-२०७८।३।२६	कृषि भेटेनरी कार्यक्रम	१९००००
३१८-२०७८।३।१८	दलित सचेतनामुलक कार्यक्रम	१०००००
३३४-२०७८।३।२१	एक घर एक टनेल कार्यक्रम (टनेल वितरण)	३३८२००
३६६-२०७८।३।२१	फलफुल तरकारी खेती र पशुपंक्षी कार्यक्रम	३८००००
४०४-२०७८।३।२५	स्वास्थ्य चौकी व्यवस्थापन (म स्वा से भत्ता वितरण लागयत)	२८५०००
४२०-२०७८।३।२६	कृषि तथा पशुपंक्षी कार्यक्रम	१४२५००
४५७-२०७८।३।२८	वालविकास केन्द्र व्यवस्थापन	१०००००
		२८२३२४७

<table>
<tr><td>४८</td><td>९४</td><td>२०७८-३-७</td><td>सम्झौता भन्दा बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलविजकको भुक्तानीगर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ।जैमिनीधाम कुश्मिशेरा सडक निर्माण कार्यको लागि बुद्ध निर्माण सेवासंग मु अ कर समेत रु ११५८२१५.४८ (प्रोभिजनलसम बाहेक) मा सम्झौता गरेकोमा रु.११६४७३६९.४८ भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.६५२१३।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.</td><td>६५,२१३</td></tr>
<tr><td>४९</td><td>६</td><td>२०७८-६-२५</td><td>नापी भन्दा बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँचगरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । कुश्मिशेरा सरङ्गी सडक निर्माण कार्यको लागि तिलक निर्माण सेवाको अन्तिम विल भुक्तानी हुँदा नापिमा भएको परिमाण भन्दा बढी परिमाणमा भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम रु.६५७१८।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>नापी अनुसारको परिमाण</th><th>भुक्तानी परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>Preparation of subgrade including scarifying the existing road surface</td><td>६६०५.०९</td><td>६८२४.३९</td><td>२१९.३०</td><td>१००</td><td>२१९३०</td></tr>
<tr><td>Providing, laying, spreading, watering ,leveling and compaction of natural sand gravel subbase ......</td><td>९८८.९७</td><td>१०१९.१६</td><td>३०.१९</td><td>१२००</td><td>३६२२८</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५८१५८</td></tr>
<tr><td colspan="5">१३ प्रतिशत मु अ कर समेत</td><td>६५७१८</td></tr>
</table></td><td>६५,७१८</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सम्झौता अनुरुप विमा नगरेको
निर्माण व्यवसायी र कार्यालय विच निम्नानुसार कार्य गर्नको लागि सम्झौता भएकोमा सम्झौताको SCC 19.1 मा ठेक्का सम्झौताको रकम को विमा गर्नुपर्ने प्रतिशत, मेशिन, सम्पत्तीको नोक्सानी र श्रमिकको के कति विमा गर्नुपर्ने खुलाएको देखिन्छ। लेखापरीक्षणको क्रममा केहि विमाको विलको नमुना परिक्षण गर्दा सम्झौता अनुसार विमा गराएको पाइएन । कार्यालयले विमाको भुक्तानि दिँदा सम्झौता अनुसारको विमा गरे नगरेको यकिन गरी भुक्तानी दिनुपर्ने र विमाको रकम भुक्तानी भ◌ुइसकेकाको हकमा सम्झौता अनुरुप विमा गराउने तर्फ थप पहल गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

योजनाको नाम	SCC मा भएको विमाको प्रावधान	पेश गरको पोलिसी अनुसार विमा गरेको अवस्था
वडा नं ६ वडा कार्यालय निर्माण	The minimum coverage for loss of or damage to the works, plants and materials is 115% of Contract amount	सम्झौता रकम रु६१८१८६४.३४ मा१५ प्रतिशत थप रकम बराबरको विमा गर्नुपर्नेमा सम्झौता रकम बराबरको मात्र विमागरेको पोलिसी पेश गरेको।
	The minimum coverage for loss of or damage of equipment - 2000000	Construction plant and equipment - 0
	The minimum coverage for insurance of other property is - 1000000 with unlimited no of occurrence	other property -0
	The minimum cover for personal injury or death insurance: for other people is Rs 500000 with an unlimited no of occurrence	any other people -0
जैमिनिधाम कुश्मीशेरा सडक	The minimum coverage for loss of or damage of equipment-Replaceable cost	Construction plant and equipment - 0
	The minimum cover for personal injury or death insurance: for other people is Rs 500000 with an unlimited no of occurrence	any other people -100000

५१	५१८	२०७८-३-३०	**बिल भन्दा बढी भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपा्इ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयलेग्याविन जाली खरिद गर्नको लागि जय श्री हनुमान ट्रेडर्श ग सम्झौता गरी रु ९५२६९७।- भुक्तानी गरेकोमा रु ९२९७६४।- को मात्र कर विजक पेश भएकोले विजक भन्दा बढी भुक्तानी भएको रु २२९३३।- असुल हुनुपर्ने रु	२२,९३३
५२			**प्रोभिजनल समको बिल पेश नगरेको** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। निम्न योजनाको लागि निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल समवपात रु ७००००।०० भुक्तानी दिएकोमासो को बिल भरपाई पेश गरेका देखिएन।उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु...	७०,०००

गो भौ नं र मिति	योजनाको नाम	निर्माण व्यवसायी	कामको विवरण	भुक्तानी रकम
९४-२०७८।३।२७	जैमिनीघाट कुश्मीशेरा सडक	बुद्ध निर्माण सेवा	carryout additional test for material and works	३००००
२-२०७७।६।११	जैमिनीघाट कुश्मीशेरा टिमुरखोला सडक	कोण्डा कन्स्ट्रक्शन	carryout additional test for material and works	२००००
६-२०७७।६।२५	कुश्मिशेरा सरङ्गि सडक निर्माण	तिलक निर्माण सेवा	carryout additional test for material and works	२००००
				७००००

५३			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ।नगरपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पदमार्ग निर्माण सिंढी वनाउने ,सुख्खा ढुंगाको गारो लगाउने, नरम तथा कडा माटो काटने पहिरो सफा गर्ने लगायतका कार्यमा यस आ व मा कूल रु=१ करोड ३६ लाख १८ हजार खर्च भएको मध्ये श्रमिकको ज्यालामा रु१ करोड २५ लाख ७० हजार खर्च गरी ४१७ जनालाई प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरेको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका, २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममाखटाउनु पर्ने व्यवस्था रहेको छ।नगरपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथमिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन।वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन।कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन।आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ।	
५४			**उपभोक्ता समिति छनौट** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।	

५५

मापदण्ड विपरितको बाटो

वस्ती विकास ,शहरी योजना तथा भवन निर्माण सम्वन्धीआधारभुत मार्गदर्शन,2072 को बुँदा नं.१४.११ मा साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्नसक्ने गरी कम्तिमा ४ मिटर चौडाई हुनेगरी स्थानिय निकायले बाटो विस्तार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न अनुसारका नयाँ बाटो निर्माण कार्य गर्दा ४ मिटर चौडाइ भन्दा कमका बाटो निर्माण गरेको पाइयो।यसरी बाटोको चौडाई मापदण्ड विपरीत राख्दा मानव वस्तीलाई प्रतिकुल असर पर्ने तथा मापदण्डको समेत पालना नभएकोले यसतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।

गो भौ नं र मिति	योजनाको नाम	बाटोको चौडाइ	कार्यसम्पन्न रकम
७७-२०७७।९।२३	कैवे छेडा सल्यानधारा खोला खानी सडक	३.५ मिटर	५३४१२७,३४
१५८-२०७७।१२।४	माइकोस्थान देखि नायथुम जोड्ने सडक	३ मिटर	५३२०४४.७५
२०-२०७७।१०।१४	कोरिडोर सुम्साघाट मोटरबाटो	२.५ देखि ६ मिटर सम्म	१६७५६२३.८४
४३-२०७८।३।११	चिरपानी देखि पैयुँ सडक निर्माण	३ मिटर देखि ४ मिटर सम्म	१०५८६०८

५६

हेभी मेशिन प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडरजस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ।सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछभने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्नेगरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोगगरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्णरुपमा मेशिन प्रयोगगरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेकोकार्य ऐननियमको प्रतिकूल समेत देखिन्छ।यसतर्फ पालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन :

गोभौनं./मिति	आयोजनाको नाम	भुक्तानीरकम	हेभी उपकरणमा भएको खर्च	प्रयोग गरेको हेभी उपकरण
२८-२०७७।७।९	नगरस्तरका मुख्य सडक मर्मत सुधार तथा ह्युम पाइप खरिद	१३९८५५७	१३९९०१२	डोजर। एक्साभेटर
१३३-२०७७।११।१६	धुस वाइनकुना नौलेखोला पानी सडक	९५००००	१०६९८८६	डोजर। एक्साभेटर
२३३-२०७८।१।६	ठेउलेखोलका दुवै मोटरेवल पुल देखि कुश्मी फेदी ....सडक	१४२५०००	७४३०२०	डोजर। एक्साभेटर
२८५-२०७८।३।५	धुस वडा कार्यालय केवै हुँदै विहारथला सम्मको सडक	१४२५०००	७१२५४०	डोजर। एक्साभेटर
२३३-२०७८।३।१७	निरिङ्गे कालेडाँडा चनौटे सडक	१४०६२४३	६९४३७०	डोजर। एक्साभेटर
३७९-२०७८।३।२२	जाडी ठेउले जिमिरेवगर ....सडक	१४२५०००	७१४३३०	डोजर। एक्साभेटर

५७			**फरक नर्म्सको प्रयोग** पालिकाले निर्माण कार्यको दररेट निर्धारण गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट वा तोकिएको दररेटको आधारमा प्रति इकाई लागत निर्धारण गर्नुपर्दछ।पालिकामा नेपाल सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विपन्न श्रमिकको दैनिक ज्याला प्रतिदिन रु.५१७।०० निर्धारण गरी स्थानीय तहमा वजेट निकासा भएको छ।स्थानीय ग्रामिण तथा कृषि सडकको स्वीकृत नर्म्स नं २-१ २.२, २- १.८ र २-१.९ मा सडक तथा ड्रेनमा कडा माटो खन्ने प्रति घनमिटर कार्यमा लाग्ने मानिसको परिमाण ०.६ भएकोमा प्रधानमन्त्री कार्यक्रम अन्तर्तग नमुना छनौटको आधारमा निम्न योजनामा उक्त कार्यको लागत अनुमानमा म्यानडेज ०.६ को नराखी ०.८ राखी लागत अनुमान तयार गरेको पाइयो। सरी लागत अनुमान भएको कारणबाट संघीय सरकारलाई थप व्ययभार परेको रु..	२२०,४३०

योजनाको नाम	कामको विवरण	परिमाण (घनमिटर)	हुनुपर्ने म्यानडेज	भएको म्यानडेज	फरक म्यानडेज	दर	बढी खर्च
कालीकिनार चोरखेत मो. बाटो	कडा माटो काट्ने कार्य	१५१	०.६	०.८	०.२	५१७	२१५९३
नुन्यल पैरितिघाट पदमार्ग	कडा माटो काट्ने कार्य	१५६	०.६	०.८	०.२	५१७	१६१३०
हेल्थपोष्ट जाने पदमार्ग	कडा माटो काट्ने कार्य	७७	०.६	०.८	०.२	५१७	७९६२
टुनीबोट पधेराखेत मो बाटो	कडा माटो काट्ने कार्य	६२	०.६	०.८	०.२	५१७	६४१०
पात्लेखेत गहतेखोला मो बाटो	कडा माटो काट्ने कार्य	८२	०.६	०.८	०.२	५१७	८४७९
हेल्थ सेन्टर देखि पातलेखेत जाने मो बाटो	कडा माटो काट्ने कार्य	६८५	०.६	०.८	०.२	५१७	७०८२९
भोसेडाँडा पाही मो बाटो	कडा माटो काट्ने कार्य	३२१	०.६	०.८	०.२	५१७	३३१९१
बास्तारी मो बाटो	कडा माटो काट्ने कार्य	५४०	०.६	०.८	०.२	५१७	५५८३६
	जम्मा						२२०४३०

५८

बहालकर थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्तवमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । नमुना छनौट गरी लेखापरिक्षण गर्दा पालिकाले निम्न योजनामा एक्साभेटरको कामको मुल्याङ्कनमा १० प्रतिशत थप बहालकर गरी थप बहालकर समेतको कुल रकमको १० प्रतिशत बहालकर कट्टी गरि भुक्तानी गरेको पाइयो। यसरी बहालकर वापत थप गरि भुक्तानी गरेकोमा उपभोक्तालाई गरेको काम भन्दा बढी रकम भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. २७०३३९।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

२७०,३३९

गोश्वरा भौचर र मिति	योजनाको नाम	खन्ने कामको मुल्याङ्कन	थप बहाल कर भुक्तानी
२८-२०७७।७।१९	नगरस्तरका मुख्य सडक मर्मत सुधार तथा ह्युम पाइप खरिद	१३९९०१२	१३९९०१
७७-२०७७।९।२३	केवै छेडा सल्यानधारा खोला खानी सडक	४८५५८०	४८५५८
८९-२०७७।९।२८	कमलजैशि भेडाराखे ३ जोड्ने मोटरबाटो	४३४७९६.१०	४३४८०
९०-२०७७।९।२९	शिव मन्दिर मैलोदि बनहु मोटरबाटो	३८४९९९.८०	३८४००
			२७०३३९

कार्यालयको भनाइः हार्ड रक खन्ने काम र संरचनाको कामको चेनेज फरक भइ ढूंगा ढुवानी गरेर लैजान टाढा भएको कारण ढुंगा किन्न भन्दा बढी महंगो हुने भएकोले प्रयोग नभएको ।

५९	२८५	२०७८-३-४	**अनुपातिक कट्टी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य भिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।धुस वडा कार्यालय केवै हुँदै विहारथला सम्मको सडक निर्माण कार्यको लागि कार्यालयबाट भुक्तानी रु १४२५०००।- र उपभोक्ताको योगदान १०.४७ प्रतिशत हुने गरी रु १५९१६६९.४१ को सम्झौता भएकोमा रु १५४०३०२.६५ को मात्र कार्यसम्पन्न भएकोमा कार्यालयबाट व्यहोर्ने रु १४२५०००।- सबै रकम भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु ४५९८८।- सम्बन्धित उपभोक्ता समितिसंग असुल गर्नुपर्ने रु	४५,९८८
६०			**ढुंगाको परिमाण नघटाएको** सडक संरचना निर्माणका लागि नेपाल सरकार मन्त्रीपरिषदबाट २०७५।०४।२५ मा स्वीकृत नर्म्स २०७५ अनुसार सडक निर्माण गर्ने क्रममा एक्साभेटरको प्रयोग गरी हार्ड रक खन्ने कार्य भएको अवस्थामा निस्कने ढुंगाहरुमध्ये कम्तीमा ५० प्रतिशत ढुंगा प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाबाट यस वर्ष संचालित योजनाहरुमा हार्ड रक एक्साभेसन दिएको अवस्थामा समेत सोही योजनामा ड्राई म्यासनरी वाल, रिटेनिङ्ग वाल तथा ग्याविन भर्ने कार्यमा उक्त ढुंगाहरु प्रयोग गर्ने र नपुग ढुंगामात्र खरिद गर्ने गरी लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी सबै ढुंगा खरिद गर्ने गरि लागत अनुमान तयार गरी सो अनुरुप भुक्तानी गरेको पाइयो। तर उपभोक्ता समितिले संरचना निर्माणका लागि आवश्यक पर्ने ढुंगा खरिद गरेको देखिने प्रमाण संलग्न नरहेकोले सोही स्थानमा खन्ने कार्य गर्दा प्राप्त ढुंगाहरु प्रयोग भएको छैन्न भनी भन्न सकिने अवस्था रहेन । जसबाट ड्राई वाल, रिटेनिङ्ग वाल तथा ग्याविन वर्कको लागि आवश्यक पर्ने ढुंगामा प्रति घ.मि. रु.१५५० का दरले भुक्तानी भएकोले पालिकालाई देहायका योजनामा निम्नानुसारको रकम थप व्ययभार परेको देखिन्छ ।तसर्थ सडकको स्वीकृत नर्म्स २०७५ अनुसार ५० प्रतिशत ढुंगाको पुनः प्रयोग नगरी बढी व्ययभार परेको रु.	७६१,८२५

गो भौ नं र मिति	योजनाको नाम	हार्ड रक खन्ने कार्यको परिमाण	अन्य संरचना कार्यको परिमाण	ढुंगाको मुल्य घटाउनुपर्ने परिमाण	थप व्ययभार
१५४-२०७७।१२।४	देउराली खानी बुढीखर्क मोटरबाटो	५३.९३	ग्यावनीको काम- ४६ घनमिटर	२६.५	४१०७५
२३३-२०७८।१।६	ठेउलेखोलका दुवै मोटरेवल पुल देखि कुश्मी फेदी ....सडक	१३९.३१	ग्यावनीको काम- १२५.५ घनमिटर	६९.५	१०७७२५
२८५-२०७८।३।५	धुस वडा कार्यालय केवै हुँदै विहारथला सम्मको सडक	२०५	ग्यावनीको काम- ८० घनमिटर	८०	१२४०००
२३३-२०७८।३।१७	निरिङ्गे कालेडाँडा चनौटे सडक	५९.२८	ग्यावनीको काम- १५२ घनमिटर	२९.५	४५७२५
३७९-२०७८।३।२२	जाडी ठेउले जिमिरेवगर ....सडक	८६.४०	ग्यावनीको काम- ४५ घनमिटर	४३	६६६५०
३९१-२०७८।३।२२	कालीगण्डकी कोरिडोर ढाव सतिढुंगा सडक	६६.९	स्टोन सोलिङ - ८० घनमिटर	३३	५११५०
४८७-२०७८।३।२९	डहरे वास्टारी फेदि बनहँ छहरा सडक	१७३.२२	स्टोन सोलिङ - २१९.३५ घनमिटर	८६.५	१३४०७५
४८६-२०७८।३।२९	कुश्मिसेरा विनामारे अर्जेवा जैदि छिस्ति सडक	२४७.९०	ग्यावनीको काम- ४४६ घनमिटर	१२३.५	१९१४२५
					७६१८२५

६१ **उपभोक्ता समितिको विल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् ।

६१.१ **बढी बिलः** निम्न योजनामा प्रयोग भएको सामग्री भन्दा बढी खरिद गरेको, काम नभएको विल राखेर भुक्तानी भएको देखिन्छ ।यसरी आवश्यक भन्दा

बढी सामग्री खरिद गरेकोले उपभोक्ताले पेश गरेको विल यथार्थपरक नभएको र सामग्रीमा न्युन विजकिकरण समेत भएको (उदाहरणको लागि प्रति वोरा सिमेन्ट रु ८८० का कार्यालयले दर विश्लेक्षण गरेकोमा उपभोक्ताले प्रति वोरा रु ६६०रुपैँयाको विल पेश गरेको) देखिएकाले पालिकाले भुक्तानीमा यस सम्बन्धमा ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

गो भौ नं	योजनाको नाम	कामको विवरण	सामग्रीको विवरण	प्रयोग भएको परिमाण	विल पेश भएको परिमाण
३५७	कुश्मिशेरा मोटरेवल पुल देखि .... मोटरबाटो	ग्याविनको कार्य	१.५×१×१ जाली	३८ वटा	५५ वटा
			२×१×१ जाली	५८ वटा	६३ वटा
३७९	जाडी ठेउले जिमिरेवगर ....सडक	RCC work	टि एम टि बार	२५४ के जी	४१० के जी
४७७	हाँडिकोट भ्युटावर	RCC work	टि एम टि बार	२५२८.८० के जी	२६९५ के जी

६१.२

कम विलः निम्न योजनामा कार्यसम्पन्न अनुसार प्रयोग भएको भन्दा उपभोक्ताले कम सिमेन्ट लागायतका सामग्री खरिद गरेको देखिन्छ । यसरी उपभोक्ताले किनेको भन्दा बढी परिमाणको सामग्री प्रयोग भएको देखाइ भुक्तानी गर्दा उपभोक्तालाइ सिमेन्ट लागयतका आइटममा मु.अ. कर जोडेर भुक्तानी हुँदा रु.२८०२७।- बढी मु अ कर भुक्तानी भएको देखिन्छ साथै कम परिमाणमा सिमेन्ट लगायतका सामग्री खरिद गर्दा कामको गुणस्तर तोकिएबमोजिम भए नभएको यकिन हुन नसक्ने देखिन्छ। पालिकाले यसमा यथार्थ छानविन गरी बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु

२८,०२७

https://nams.oag.gov.np

गो भौ नं	योजनाको नाम	सामग्रीको विवरण	प्रयोग भएको परिमाण	मु अ कर भुक्तानी दर	विल पेश भएको परिमाण	बढी भुक्तानी
३५७	कुश्मिशेरा मोटरेवल पुल देखि .... मोटरबाटो	सिमेन्ट	१२९ वोरा	११४.४	४५	९६०९
३७९	जाडी ठेउले जिमिरेवगर ....सडक	पि सी सि , आर सि सि र ढुंगा तथा इटाको गारो लगाउने कार्य	२३६ वोरा	११४.४	१३०	१२१२६
४७७	हाँडिकोट भ्युटावर	पि सी सि , आर सि सि र ढुंगा तथा इटाको गारो लगाउने कार्य	३५०	११४.४	२९५	६२९२
जम्मा						२८०२७

६२

जाली खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।निम्न योजनामा कार्यसम्पन्न अनुसार प्रयोग भएको जाली भन्दा उपभोक्ताले पेश गरेको विल अनुसार कम जाली खरिद गरेको देखिन्छ ।यसरी उपभोक्ताले किनेको भन्दा बढी परिमाणको जाली प्रयोग भएको देखाइ भुक्तानी गर्दा उपभोक्तालाइ जाली खरिद वापत रु. २७३१८।-बढी भुक्तानी भएको देखिन्छ । उक्त स्थानमा प्रयोग भएका जालि उपभोक्तालाइ पालिका वा अन्य संस्थाबाट समेत उपलब्ध हुन सक्ने देखिन्छ ।पालिकाले यसमा यथार्थ छानविन गरी बढी भुक्तानी भएको देखिएकमा सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु

गो भौ नं	योजनाको नाम	सामग्रीको विवरण	प्रयोग भएको परिमाण	जालीको जिल्ला दर रेट भ्याट समेत	विल पेश भएको परिमाण	बढी भुक्तानी
४८६	कुश्मिशेरा विनामारे अर्जेवा जैदि छिस्ती सडक	२*१*१	१२५ बक्स	३७०६	१२२	१११९८
		१.५*१*१	१३०	२७००	१२६	१६२००
कुल जम्मा						**२७३१८**

२७,३१८

६३

माटो खन्ने काम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्तवमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले बाटो चौडा गर्ने अधिकांश योजनामा प्रत्येक sectionमा

०.७ देखि ०.९ सम्मको कोफिसेन्ट राखी भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गरिएका निम्न योजनामा कोफिसेन्ट १ राखी सवै section मा box cuttingगरेको देखाइ भुक्तानी गरेको देखिन्छ । पहाडको वाटो भएकोले बाटो विस्तार गर्दा पनि सबै ठाँउमा box cutting गर्नु नपर्ने हुन सक्ने भएकोले कोफिसेन्ट १ राखी भुक्तानि गर्दा बढी भुक्तानी हुने सम्भावना रहन्छ । पालिकाले योजनाको भुक्तानी गर्दा कामको ड्रइङ् गरी Auto CAD को आधारमा क्षेत्रफल निकाली बास्तिवक कार्यसम्पादन भएको परिमाणको गणना गरी बढी भुक्तानी भएको अवस्थामा सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिन्छ ।

गो भौ नं र मिति	योजनाको नाम	कार्यसम्न्न रकम	बाटो खन्ने कामको मूल्याङ्कन रकम
२३३-२०७८।१।६	ठेउलेखोलका दुवै मोटरेवल पुल देखि कुश्मी फेदी ....सडक	१५९६७४६.७२	७४३०२०
३९१-२०७८।३।२२	कालीगण्डकी कोरिडोर ढाव सतिढुंगा सडक	१५८७१०५.५७	७२२५४०
३८१-२०७८।३।२२	कोरीडोर चौर वाउनो धल्लुनेटा विहारथला सडक	१५९५०३२.१७	११२८२०

६४

बैकंमार्फत भत्ता वितरणः

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी,२०७५ को परिच्छेद ७ को अनुसुची २२ मा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने उल्लेख गरिएको छ।अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी हात्तहातै नगद वितरण गर्दा सम्बन्धित मन्त्रालयको स्वीकृती लिनुपर्ने व्यस्था छ।पालिकाले हातहातै भत्ता वितरण गर्दा सम्बन्धित मन्त्रालयको स्वीकृती लिएको पाईएन।हातहातै नगद वितरण गर्दा एउटै लाभग्राहीलाई एक भन्दा वढी प्रकारको भत्ता वितरण हुन सक्ने र भत्ता वितरण प्रक्रिया नै लामो तथा खर्चिलो हुने हुँदा पालिकाले कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६५

लगत कट्टाः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भएमा बसाईसराई गरेर गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा ५ वर्ष उमेर पुरा गरेमा, नविकरण नगरेमा, कुनै लाभग्राहीले एक वर्षभित्र रकम नबुझेमा वा बैकं मार्फत भत्ता वितरण गर्दा लाभग्राहीको खाता निष्क्रिय रहेमा सम्बन्धित स्थानीय तहको मूल अभिलेखवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लगत कट्टाको विवरण प्राप्त उपलब्ध नगराएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन।

६६

विवरण अद्यावधिक नभएकोः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छे ५ दफा २६(३) माएक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैकंवाट अनुसूची-११ वमोजिमको ढांचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्वन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारण ले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्वन्धित वैङ्कवाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले अनुसूची -११ वमोजिमको ढाँचामा सेवा प्रदायक वैकंवाट विवरण माग गरेको पाईएन। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

६७

अनुमगन तथा संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा रु.५५८१८९।०० सम्परीक्षण भएको छ।

आ. व.	वेरुजु दफा	वेरुजुको संक्षिप्त व्यहोरा	संपरीक्षण	
			संपरीक्षणका प्रमाण तथा आधार	
०७६.७७	५४.४	अग्रिम कर दाखिला	दाखिलाको प्रमाण पेश भएको।	५१७१९८
०७६.७७	२५	विदेश भ्रमण खर्च नगर प्रमुखको।	असूल गरी दाखिलाको बैक भौचर पेश भएको र अन्यको बाँकी रकम बेरुजू कायम छ।	४१०००
			जम्मा	५५८१९८

६८

अद्यावधिक वेरुजू

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
५९५८६	५५८	२०४९७	०.००	७९५२५